सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक १८ संवत २०८१ साल मंसिर ०२ गते https://sarumaranimun.gov.np

## कर्मचारीहरुको नियमित बैठक सम्पन्न



सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको नियमित बैठक मिति २०८१।०७।०६ गते सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी, वडा सचिव ,स्वास्थ्य संस्था प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो । कर्मचारीहरुले हाल सम्मको त्रैमासिक प्रगति र समस्यहरु प्रस्तुत गर्नुभएको थियो ।साथै गाउँपालिकामा नयाँ नियुक्ति लिई आउनु भएका स्वास्थ्य , कृषि र पशु सेवा मा आउनु भएका कर्मचारीहरुलाई स्वागत तथा सम्मान समेत गरिएको थियो ।



## गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न




सरुमारानी गाउँपालिका स्तरीय अन्तर विद्यालय चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मिति २०८१ कार्तिक १३ गते सम्पन्न भएको छ ।गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा , प्यूठान जिल्ला क्षेत्र नं १ का माननीय श्री तुल्सिराम शर्मा ज्यूको प्रमुख आतिथ्यतामा अन्तर विद्यालय सरूमारानी गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८१-०७-११ गते उद्घाटन भएको थियो । प्रतियोगितामा गाउँपालिका अन्तर्गतका ११ ओटा विद्यालयका करिव ३५० जना विद्यार्थीबीच प्रतिस्पर्धा सञ्चालन भएको थियो । कार्यक्रम मिति २०८१।०७।११ गते देखि संचालन भई १३ गते सरूमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा, संविधान सभा सदस्य धन बहादुर रायमाझीको प्रमुख आतिथ्यतामा,गाउँपालिकाका उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकको विशेष आतिथ्यतामा पालिका स्तरिय खेल मैदान दर्भानमा समापन भएको थियो । उक्त प्रतियोगितामा ११ विद्यालयको सहभागीता रहेको थियो भने तपसिल अनुसारका पदक हासिल गरि निम्न विद्यालयहरू प्रथम,द्वितीय र तितृय भएका छन ।

<u>तपशिल:</u>

१) सरस्वती मा.वि बाङ्गेसाल (प्रथम):स्वर्ण पदक १०,रजत पदक ८,काष्य पदक ३ गरि जम्मा २१ वटा पदक पाई प्रथम स्थान हासिल गरेको थियो ।

२) ऐरावती ईङलिस स्कुल दर्भान ( द्वितीय):स्वर्ण पदक ४,रजत पदक ५,काष्य पदक २ गरि जम्मा ११ वटा पदक पाई दोस्रो स्थान हासिल गरेको थियो ।

३) सरस्वती मावि चाभा (तितृय):स्वर्ण पदक ३,रजत पदक ३,काष्य पदक १० गरि जम्मा १६ वटा पदक पाई तेस्रो स्थान हासिल गरेको थियो ।




अन्तर विद्यालय सरुमारानी गाउँपालिकास्तरीय
चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१











# सरुमरानी गाउँपालिका आँखा स्वास्थ्य उपचार केन्द्र उद्घाटन



सरूमारानी गाउँपालिका वडा नं २ का वडा अध्यक्ष श्री भानुभक्त भुषाल ज्यूको अध्यक्षता, गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्का ज्यूको प्रमुख आतिथ्यता, विशिष्ट अतिथि प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक ,कार्यपालिका सदस्य, वडा सदस्य, सरुमारानी गाउँपालिकाका शाखा प्रमुख, वन उपभोक्ता समितिका अध्यक्ष,टोल विकास संस्था संयोजक, बजार व्यवस्थापन समितिका अध्यक्ष , स्वास्थ्य संस्थाका प्रमुख लगायतको उपस्थितिमा सरूमारानी गाउँपालिका आँखा स्वास्थ्य उपचार केन्द्र सरूमारानी २ ,दर्भानमा गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्का ज्यूले आज एक कार्यक्रम बिच उद्घाटन गर्नु भएको छ ।उद्घाटन पश्चात गाउँपालिका लगाएतका नजिकका जिल्लाहरुले सो सुविधा पाउने भए संगै खुशियाली छाएको छ ।






# अभिमुखिकरण कार्यक्रम सम्पन्न




उपभोक्ता समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरुको लागि क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ । सरुमारानी गाउँपालिका सबै वडामा गठित उपभोक्ता समितिका पदाधिकारीहरुलाई एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । सरुमारानी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना प्रभावकारी र गुणस्तरिय रुपमा सञ्चालन गर्न वडा स्तरमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको हो ।

गाउँपालिकाले पालिका भित्रका ६ वटै वडामा अभिमुखीकरण कार्यक्रममा उपभोक्ता समितिको बैठक बस्दा उठाईने माईन्युटको खाका , काम सम्पन्न भई सामाजिक तथा सार्वजनिक लेखा परिक्षणका लागि गर्नुपर्ने निर्णयका खाका , सामाजिक तथा सार्वजनिक लेखा परिक्षण अनुमोदन गर्दा अनुगमनका लागि गर्नुपर्ने निर्णयका खाका, काम सम्पन्न भई योजना फरफारक गर्नका लागि गर्नुपर्ने निर्णयका खाका, उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत अन्य महत्त्वपूर्ण बिषयमा जानकारी गरिएको थियो ।यस्तै उपभोक्ता समितिले आयोजनाको नाम , योजना सम्झौताका लागि पेश गर्नुपर्ने कागजात तथा फरफारकका लागि पेश गर्नुपर्ने कागजात , डोर हाजिरी , आम्दानी तथा खर्च विवरण लगायत बिषयमा समेत जानकारी गराईएको थियो ।

कार्यक्रममा वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, कार्यपालिका सदस्य, वडा सदस्यहरू, प्राविधिक कर्मचारीहरु इन्जिनियर, सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियरहरु लगायत उपभोक्ता समितिका पदाधिकारीहरुको उपस्थित रहेको थियो । उक्त कार्यक्रमको प्रशिक्षण गाउँपालिकाका ईन्जिनियर, लेखा शाखा प्रमुख, योजना शाखा प्रमुख लगायतले गर्नु भएको थियो ।


१ नं. वडा कार्यालय
उपभोक्ता समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरूको
लागि योजना संचालन तथा व्यवस्थापन सम्बन्धी
अभिमुखिकरण कार्यक्रम
आयोजक




निर्माण सामाग्रीको प्रकार
क) बालुवा
ख) गीट्टी
ग) ईंटा
घ) ढुङ्गा
ङ) सिमेन्ट


उपभोक्ता समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरूको
लागि योजना संचालन तथा व्यवस्थापन सम्बन्धी
अभिमुखिकरण कार्यक्रम


उपभोक्ता समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरूको
लागि योजना संचालन तथा व्यवस्थापन सम्बन्धी
अभिमुखिकरण कार्यक्रम

सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८५७८६८०२७)

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान ।

facebook: https://www.facebook.com/SarumaraniGapa
website:sarumaranimun.gov.np
email:sarumarani2073@gmail.com
phone no:9857836022